फोन : ०७१-५५१२१६
०७१-५४०८३९
०७१-५४७४७४

प्रदेश सरकार
प्रदेश नं. ५
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या ०७६/०७७ औ.शा.
चलानी नं. ९६१२

मिति:-२०७६/१०/२४

विषयः- सूचना संप्रेषण गरिदिनु हुन ।

श्री बुद्धभूमि उपनगरपालिका/नगरपालिका/ गाउँपालिका
रुपन्देही/कपिलवस्तु/ नवलपरासी (ब.सु.प.)

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व.२०७६/०७७ को वार्षिक कार्यक्रम अनतरगत बुद्धकालिन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला ललितकला र मुर्तिकला सम्बन्धि कलाकार उत्पादन गर्ने कार्यक्रम रहेकोले तँहा उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिकाबाट संलग्न सूचना प्रत्येक वडामा पठाई त्यस सम्बन्धमा प्राविधिक सिप सिकी उद्यम संचालन गरी स्वरोजगार बनि गरीवी निवारणमा टेवा पुराउने अवसर उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. २०३४
मिति २०७६/१०/२६

गणेश घिमिरे
अधिकृतस्तर आठौं

प्रदेश सरकार

प्रदेश नं. ५

# उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय

बुटवल, नेपाल

मितिः-२०७६/१०/२४

## तालिम तथा उद्योग सञ्चालन सम्वन्धी अत्यन्त जरुरी सूचना

यस मन्त्रालयको चा.लु आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम अन्तरगत बुद्धकालिन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला, ललिलकला र मुर्तिकला सम्वन्धि कलाकार उत्पादन गर्ने कार्यक्रम रहेकोले इच्छुक युवा/युवतीहरुले यस मन्त्रालय वा घरेलु तथा साना उद्योग कार्यालयहरुमा १५ दिन भित्र निवेदन दिनुहुन अनुरोध छ ।

**सहभागी छनोटका आधारहरु**

- उमेर १६ देखि ४० वर्ष भित्रको ।
- नेपाली नागरिक ।
- साधारण लेखपढ गर्न सक्ने ।
- तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने लिखित प्रतिबद्धता पेश गरेको ।
- पहिला नै सम्वन्धित विषयको ज्ञान भई कार्य गरिरहेकालाई प्राथमिकता दिईनेछ ।
- महिला , आदिवासी जनजाती, दलित, फरक क्षमता भएका, मधेशी समुदाय तथा विपन्नलाई लाई प्राथमिकता दिईनेछ ।
- रुपन्देही, कपिलवस्तु र नवलपरासी शुष्ता पश्चिमका सहभागिहरु लाई प्राथमिकता दिने र संख्या अपुग भएमा प्रदेशका अन्य जिल्लाहरुलाई सहभागी गराईनेछ ।
- तालिम पश्चात उद्योग स्थापना गर्न प्रविधि हस्तान्तरण गरिनेछ ।

**तालिमको विषय, संख्या, अवधी, निकाय र स्थान।**

| क.स. | तालिमको विषय | तालिम अवधी | सहभागि संख्या | तालिम संञ्चालन गर्ने निकाय | तालिम सञ्चालनहुने जिल्ला |
|---|---|---|---|---|---|
| १ | चित्रकला | ३ महिना | २४ जना | घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही | रुपन्देही |
| २ | काष्ठकला | ३ महिना | १५ जना | घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही | रुपन्देही |
| ३ | ढुंगाको मूर्ति | ३ महिना | ९ जना | घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तु | कपिलवस्तु |
| ४ | माटोको मूर्ति | ३ महिना | ९ जना | घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तु | कपिलवस्तु |
| ५ | थाङ्का चित्र | ३ महिना | ९ जना | घरेलु तथा साना उद्योग कार्यालय ब.सु.प. नवलपरासी. | ब.सु.प. नवलपरासी. |
| ६ | धातुको मूर्ति | ३ महिना | ९ जना | घरेलु तथा साना उद्योग कार्यालय ब.सु.प. नवलपरासी | ब.सु.प. नवलपरासी. |
| जम्माः- | | | ७५ जना | | |

नोटः- विस्तृत जानकारीको लागि यस मन्त्रालयको उद्योग शाखा वा घरेलु तथा साना उद्योग कार्यालयहरुमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

(मिति २०७६।१०।२४ गतेको दैनिक पत्र, बुटवलमा प्रकाशित)